# १. एक स्थानीय तह एक खेलमैदान/रङ्गशाला निर्माण सम्बन्धी मापदण्ड, २०७७

## १.१ प्रस्तावना:

खेलकुदको माध्यमवाट शारीरिक, मानसिक, सामाजिक र संवेगात्मक विकासका लागि गाउँपालिकामा खेल मैदान, नगरपालिकामा रङ्गशाला र जिल्लास्तरीय रङ्गशाला निर्माण गरी खेलकुद विकासका पूर्वाधार तयार गर्ने बार्षिक कार्यक्रम तथा बजेट कार्यान्वयन गर्न आवश्यक भएकोले प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, गण्डकी प्रदेशबाट यो मापदण्ड स्वीकृत गरिएको छ ।

**१.२ कार्यक्रमको उद्देश्यः** गाउँपालिकामा खेल मैदान, नगरपालिकामा रङ्गशाला र जिल्लास्तरीय रङ्गशाला निर्माण गरी खेलकुद क्षेत्रका पूर्वाधार तयार गर्ने ।

**१.३ प्रस्ताव आव्हान गर्नेः** (१) एक स्थानीय तह एक खेल मैदान/रंगशाला निर्माणका लागि अनुदान उपलब्ध गराउने कार्यक्रमका लागि राष्ट्रियस्तरको दैनिक पत्रिकामा कम्तीमा १५ दिनको सूचना प्रकाशन गरी प्रस्ताव आव्हान गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको सूचना मन्त्रालयको वेवसाइटमा समेत राखिनेछ ।

**१.४ प्रस्ताव पेश गर्नेः** (१) स्थानीय तहमा खेल मैदान/रङ्गशाला तथा जिल्लास्तरीय रङ्गशाला निर्माणका लागि अनुसूची- १ बमोजिमको ढाँचामा प्रस्ताव तयार गरी मन्त्रालयमा पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) वमोजिमको प्रस्ताव साथ देहायका कागजातहरु समेत पेश गर्नुपर्नेछ ।

(क) स्थानीय तहको निवेदन,

(ख) अनुसूची १ बमोजिमको ढाँचामा प्रस्ताव,

(ग) स्थानीय तहको लागत साझेदारी सम्बन्धी पत्र,

(घ) खेल मैदान वा रंगशाला निर्माण हुने स्थानको जग्गाधनी प्रमाणपत्र वा स्थानीय तहको भोगाधिकार सम्बन्धी पत्र ।

(ङ) योजनाको अनुमानित लागत इष्टिमेट

(निर्माण कार्यका लागि आवश्यक डिजाइन, लागत अनुमान र स्पेशिफिकेशन सहितको नगरपालिका/गाउँपालिकाबाट स्वीकृत अनुमानित लागत इष्टिमेट वा विस्तृत परियोजना प्रतिवेदन)

**१.५ प्रस्ताव छनौटको आधारः** स्थानीय तहमा खेल मैदान र रङ्गशाला निर्माणका लागि अनुदान उपलव्ध गराउन अनुसूची -२ बमोजिमका आधारहरु अवलम्बन गरिनेछ ।

**१.६ प्रस्तावको छनौट र स्वीकृतिः** (१) दफा १.४(१) बमोजिम प्राप्त हुन आएका प्रस्तावहरुको मूल्याङ्कन गर्न मन्त्रालयमा देहाय बमोजिमको एक मूल्याङ्कन तथा सिफारिस समिति रहनेछ ।

(क) युवा तथा खेलकुद महाशाखा प्रमुख -संयोजक

प्रदेश सरकार सामाजिक विकास मन्त्रालय गण्डकी प्रदेश पोखरा, नेपाल

